आज मिति २०७७ चैत्र २७ गते शुक्रबारका दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री पूर्ण कुमार श्रेष्ठज्यूको अध्यक्षता मा ३८ औं कार्यपालिका बैठक बस्यो ।

उपस्थिती

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री पूर्ण कुमार श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री लक्ष्मणराज भण्डारी | कार्यपालिका सदस्य | |
| ४ | श्री माधव के.सी | कार्यपालिका सदस्य | |
| ५ | श्री गोपाल राज शर्मा लम्साल | कार्यपालिका सदस्य | |
| ६ | श्री गिर बहादुर थापा क्षेत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री शिवलाल सापकोटा | कार्यपालिका सदस्य | |
| ८ | श्री मिन बहादुर मांझी | कार्यपालिका सदस्य | |
| ९ | श्री भुपराज पाठक | कार्यपालिका सदस्य | |
| १० | श्री चन्द्र बहादुर सिजाली | कार्यपालिका सदस्य | |
| ११ | श्री मेख बहादुर थापा सारु मगर | कार्यपालिका सदस्य | |
| १२ | श्री केशर आले | कार्यपालिका सदस्य | |
| १३ | श्री रमेश बहादुर ठाडा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री दिनानाथ भुसाल | कार्यपालिका सदस्य | |
| १५ | श्री डिल बहादुर खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री हेमराज दवाडी | कार्यपालिका सदस्य | |
| १७ | श्री हरिभक्त भट्टराई | कार्यपालिका सदस्य | |
| १८ | श्री केशर बहादुर क्षेत्री | कार्यपालिका सदस्य | |
| १९ | श्री विष्णु प्रसाद आचार्य | कार्यपालिका सदस्य | |
| २० | श्री टिकामाया सिजाली | कार्यपालिका सदस्य | |
| २१ | श्री सकुन्तला गुरुङ | कार्यपालिका सदस्य | |
| २२ | श्री सुवोचन्द्र सुवेदी | कार्यपालिका सदस्य | |
| २३ | श्री माया सुवेदी | कार्यपालिका सदस्य | |
| २४ | श्री नव कुमारी शर्मा | कार्यपालिका सदस्य | |
| २५ | श्री कमला दमै | कार्यपालिका सदस्य | |
| २६ | श्री खेमलाल नेपाली | कार्यपालिका सदस्य | |
| २७ | श्री भोज बहादुर माझी | कार्यपालिका सदस्य | |
| २८ | श्री गोविन्द सिग्देल | सदस्य सचिव | |

Scanned with CamScanner

अन्य आमन्त्रित

1. राम प्रसाद शर्मा, नगर शिक्षा प्रमुख, शिक्षा शाखा
2. तिलकलाल श्रेष्ठ योजना शिक्षा प्रमुख, प्र. तथा योजना शाखा
3. शिव सापकोटा अधिकृत इन्जी. आर्थिक विकास शाखा
4. टिकाराम बञ्जाल इन्जिनियर, पूर्वाधार विकास शाखा
5. अनिता थापाली, रोजगार संयोजक, रोजगार शाखा
6. ईश्वर वाग्ले, सह-लेखापाल, आ. प्र. शाखा
7. राम कुमार श्रेष्ठ, जन स्वास्थ्य अधिकृत, स्वास्थ्य शाखा
8. कृष्ण हरी सापकोटा, सूचना प्रविधि अधिकृत

## मिति २०७७।१२।२७ को ७२ औं नगर कार्यपालिका वैठकमा छलफलका लागि प्रस्तावित विषयहरु

१, प्रदेश ससर्त/विशेष/समपुरक अनुदानको योजना माग सम्वन्धमा ।

२, भूमिआयोगबाट वितरण हुने जग्गा मध्ये सार्वजनिक प्रयोजनका लागि आवश्यक पर्ने जग्गा र फाराम रुजुकर्ता एकिन गर्ने सम्वन्धमा ।

३, वडा नं. ७ सेण्टरप्लट (साविक देवचुली वडा नं १ को कि.नं. २२३ को ५-१८-१७) र १० (साविक प्रगतिनगर वडा नं. ३ र ४ को) क्षेत्रफल ४-३-१३.२५को जग्गा दर्ता सम्वन्धमा ।

४, वडा नं. १४ का वडा अध्यक्षलाइ उपचार खर्च उपलव्ध गराउने सम्वन्धमा ।

५, प्रधानमन्त्री रोजगार कार्यक्रमको (कामका लागि पारिश्रमिक) रकम विनियोजन सम्वन्धमा ।

६, वडा नं. १७ को विभिन्न टोलहरुको नामाकरण गर्ने शीर्षकमा विनियोजित रकम रु, २ लाख ५० हजार मध्येवाट : वरटांडी शिवालय मन्दिर निर्माणमा १ लाख पिप्रहर गंगामाता स्नातघर सिंढी निर्माणमा १ लाख रकम रकमान्तर गर्ने ।

७, वडा नं. ८ को मखमली मार्ग कालोपत्रेको रु, ३ लाख रकम भेडीचोकबाट पश्चिम टोक्रे नहर शाखा निर्माणका लागि रकमान्तर गरी प्र.म. रोजगारको रकम सहितबाट कार्यसम्पन्न गर्ने सम्वन्धमा ।

८, वडा नं १३ को विपद व्यवस्थापन कोष शीर्षकमा विनियोजित रु ४ लाख ५० हजार मध्येबाटः वडा कार्यलय उद्घाटनमा १ लाख १५ हजार, बोटेटोल जाने बाटो स्तरोन्नतीमा १ लाख ५० हजार, शेरवहादुर खनाल मार्गमा ह्यूमपाइप राख्ने कार्यमा रु, १ लाख, हरियाली स्यालो ट्यूवेललाइ ५०हजार गरी जम्मा रु, ४ लाख रकमान्तर गर्ने सम्वन्धमा ।

९, वडा नं. १३ को बीउ-विजन बितरण शीर्षकबाट बचत हुन आएको रकम मध्येबाट रु, १ लाख देवचुली गाईपालन कृषक समूहलाइ उपलव्ध गराउने गरी रकमान्तर गर्ने सम्वन्धमा ।

१०, वडा नं. १५ को जनज्योति आदर्श कलेजको लागि लाइब्रेरी निर्माणको लागि विनियोजित रकम रु, ५ लाखबाट सोही कलेजको चमेनागृह निर्माणको लागि रकम रकमान्तर गर्ने सम्वन्धमा ।

११, वडा नं १ केउरेनीको संस्थागत विद्यालय ग्यालेक्सी इङ्गलिस बोर्डिङ स्कूलको नाम परिवर्तन गरी दिब्य एकेडेमीबाट संचालन गर्न दिने सम्वन्धमा ।

पूर्णकुमार ...
नगर प्रमुख

Scanned with CamScanner

**निर्णय नं. १,**

प्रस्ताव नं १ उपर छलफल गर्दा आगामी आ.व. २०७८/०७९ का लागि यस नगरपालिका क्षेत्रका निम्नानुसारका योजनाहरुलाई निम्नानुसार कार्यक्रममा समावेश गराईयोजना संचालनका लागि गण्डकी प्रदेश सरकार समक्ष सिफारिस गरी पठाउने निर्णय गरियो ।

**ख) विशेष अनुदान तर्फ**

१) यस नगरपालिका क्षेत्रको अतिविपन्न,दालित,बोटे, माझि,मुसहर जनजातीहरुको लागि सुरक्षित आवास भवन निर्माणका लागि रु, २ करोड ।

२) पशु पंक्षि पालक कृषकहरुको आयआर्जनका लागि खोर गोठ सुधार रु, २ करोड ।

३) देउसत खोलामा सिंचाइका लागि ड्याम निर्माण कार्य रु, २ करोड ।

**क) ससर्त अनुदान तर्फ :**

१) पृथ्वीचोक देखि उत्तर कालिका चोक (वडा नं. ९) सडक कालोपत्रे कार्य रु, २ करोड ।

२) नेपाल मा.वि. देखि नारायणी नदी सम्म जाने बाटो (वडा नं. १) कालोपत्रे गर्ने रु, २ करोड

३) राजमार्ग देखि बोटेटोल जाने (वडा नं. १३) मार्ग कालोपत्रे गर्ने रु, २ करोड ।

४) वडा नं. १७ कुजौली सडक निर्माण रु, १ करोड

**ग) समपुरक अनुदान तर्फ**

१) वडा नं. १० ग्यासचोक देखि उत्तर वडा नं. ९ को सिमाना कालोपत्रे गर्ने रु, १ करोड ।

२, वडा नं. ७ र वडा नं. १२ जोड्ने जनवस्ती सीतावास रिडरोड सडक रु, १ करोड ।

३, संयुक्तचोक देखि पशुपति शिवालय हुँदै धवलागिरी चोक जाने सडक (वडा नं. १५) रु, १ करोड

४) मुण्डे पूर्वपश्चिम बाटो कालोपत्रे गर्ने वडा नं. ६ रु, १ करोड ।

**निर्णय नं. २,**

प्रस्ताव नं. २ उपर छलफल गर्दा भूमिसम्वन्धी समस्या समाधान आयोगबाट वितरण हुने भूमिहीन सुकुम्वासी, भूमिहिन दलित र अव्यवस्थित बसोवासीहरुका लागि जग्गा उपलब्ध गराउने सिलसिलामा सार्वजनिक ऐलानी जग्गा नापजांच गर्ने कार्यका लागि भूमि आयोगवाट अमिनको व्यवस्था भए पश्चात उक्त कार्य अगाडि वढाउने र भूमिहीन दलित र भूमिहीन सुकुम्वासीका फारामहरु रुजु गर्ने कार्यका लागि रुजु कर्ताको रुपमा सम्वन्धित वडा सचिवलाई जिम्मेवारी दिने निर्णय गरियो ।

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

Scanned with CamScanner

**निर्णय नं. ३,**

प्रस्ताव नं ३ उपर छलफल गर्दा देवचुली न.पा. वडा नं. ७ गेन्टरप्लट (साविक देवचुली वडा नं १ को कि.नं. २२३ को क्षेत्रफल ५-१८-१७ को जग्गा सम्मानित सर्वोच्च अदालतबाट समेत सार्वजनिक कायम गर्न निर्णय भइ सकेकोले उक्त सार्वजनिक जग्गा र वडा नं. १० (साविक प्रगतिनगर वडा नं. ३ र ४ को) कि.नं. ९१ क्षेत्रफल ४-३-१३.२५ को सार्वजनिक जग्गा देवचुली नगरपालिकाको नाममा दर्ता गरी जग्गा धनी दर्ता प्रमाण पूर्जा उपलब्ध गराउनका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४,**

प्रस्ताव नं ४ उपर छलफल गर्दा देवचुली न.पा. वडा नं. १४ का वडा अध्यक्ष श्री हेमराज दवाडी कार्यालयको कामको सिलसिलामा दुर्घटना परी यस नगरक्षेत्रको प्राथमिक स्वास्थ्य केन्द्रबाट उपचार हुन नसकेकोले निजलाई नारायणगढमा उपचार गराउदा लागेको बील बमोजिमको खर्च रु, ९४ हजार ५०० आर्थिक सहायता स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५,**

प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस नगरपालिका क्षेत्रका विभिन्न वडाहरुबाट प्रधानमन्त्री रोजगार कार्यक्रमको (कामका लागि पारिश्रमिक शीर्षकको) रकममाग भई आएकोले उक्त कार्यक्रमकालागि हालसम्म वचत रकम रु, ५३ लाखलाई कार्यविधिमा तोकिएको शर्त पालना गरी नियमानुसार कार्य संचालन गर्नका लागि सम्वन्धित वडा कार्यालयको सिफारिसमा निम्नानुसारका वडाहरुलाइ निम्नानुसारको रकम उपलव्ध गराउने निर्णय गरियो ।

| वडा नं | विनियोजित रकम रु, | वडा न. | विनियोजित रकम रु, |
|---|---|---|---|
| वडा नं. १ | ४ लाख | वडा नं. ९ | ४ लाख |
| वडा नं. २ | ३ लाख | वडा नं. १० | ४ लाख |
| वडा नं. ४ | ४ लाख ५० हजार | वडा नं. ११ | ४ लाख |
| वडा नं. ५ | ४ लाख ५० हजार | वडा नं. १२ | ४ लाख ५० हजार |
| वडा नं. ६ | ४ लाख ५० हजार | वडा नं. १३ | ३ लाख |
| वडा नं. ७ | ४ लाख ५० हजार | वडा नं. १५ | ४ लाख |
| वडा नं. ८ | ४ लाख ५० हजार | | |

**निर्णय नं. ६,**

प्रस्ताव नं. ६ उपर छलफल गर्दा यस नगरपालिका वडा नं. १७ को विभिन्न टोलहरुको नामाकरण गर्ने शीर्षकमा विनियोजित रकम रु, २ लाख ५० हजार मध्येबाट बरटांडी शिवालय मन्दिर निर्माणमा १.५ लाख, पिप्रहर गंगामाता स्नानघर सिंढी निर्माणमा १ लाख रकम रकमान्तर गर्नका लागि माग भइ आए अनुसार माग बमोजिम रकमान्तर गरी आयोजना संचालनका लागि अनुमती दिने निर्णय गरियो ।

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

Scanned with CamScanner

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

**निर्णय नं. ७,**

प्रस्ताव नं. ७ उपर छलफल गर्दा यस नगरपालिका वडा नं. ८ को मखमली मार्ग कालोपत्रेको रु, ३ लाख रकम भेडिचोकबाट पश्चिम टोक्रे नहर शाखा निर्माणका लागि रकमान्तर गरी प्र.म. रोजगारको रकम सहितबाट कार्य संचालन गर्न माग भइ आएकोले उक्त रकम रकमान्तर गरी माग बमोजिम योजना संचालनका लागि अनुमती दिने निर्णय गरियो ।

**निर्णय नं. ८,**

प्रस्ताव नं. ८ उपर छलफल गर्दा वडा नं १३ को विपद व्यवस्थापन कोष शीर्षकमा विनियोजित रु ४ लाख ५० हजार मध्येबाट वडा कार्यलय उद्घाटन कार्यका लागि १ लाख १५ हजार, बोटेटोल जाने बाटो स्तरोन्नती कार्यका लागि १ लाख ५० हजार, शेरवहादुर खनाल मार्गमा ह्यूमपाइप राख्ने कार्यका लागि रु, १ लाख, हरियाली स्यालो ट्यूवेलराइ ५० हजार गरी जम्मा रु, ४ लाख १५ हजार रकमान्तर गर्न माग भई आए अनुसार माग बमोजिम रकमान्तर गरी कार्य संचालन गर्न अनुमती दिने निर्णय गरियो ।

**निर्णय नं. ९,**

प्रस्ताव नं. ९ उपर छलफल गर्दा वडा नं १३ को बीउ-बिजन वितरण शीर्षकबाट बचत हुन आएको रकम मध्येवाट रु, १ लाख देवचुली गाईपालन कृषक समूहलाइ उपलव्ध गराउने गरी रकमान्तर गर्नका लागि माग भइ आएकोले माग बमोजिम रकमान्तर गरी कृषक समूहलाइ उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १०,**

प्रस्ताव नं. १० उपर छलफल गर्दा वडा नं. १५ को जनज्योति आदर्श कलेजमा लागि लाइब्रेरी निर्माणको लागि बिनियोजित रकम रु, ५ लाखबाट सोही कलेजको चमेनागृह र साइकल स्टेण्ड निर्माणको लागि सो रकम रकमान्तरका लागि माग भइ आएकोले माग बमोजिम उक्त कार्य संचालनका लागि रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११,**

प्रस्ताव नं. ११ उपर छलफल गर्दा वडा नं. १ केउरानीको संस्थागत विद्यालय ग्यालेक्सी इङ्गलिस बोडिङ्ग स्कूलको नाम परिवर्तन गरी उक्त विद्यालयलाई दिव्य एकेडेमीको नामवाट संचालन गर्न पाउन माग भए अनुसार अन्य प्रकृया पूरा गर्नुपर्ने भए पूरा गरी आगामी शैक्षिक शत्रदेखि उक्त संस्थागत विद्यालयलाई दिव्य एकेडेमिको रुपमा संचालन गर्नेगरी नाम परिवर्तनका लागि इजाजत दिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

Scanned with CamScanner